# भू-कम्प

पृथ्वीको सतहको ठूलो भाग एक्कासी बेस्सरी हल्लिनुलाई भू-कम्प वा भुइँचालो भनिन्छ।

**भू-कम्पका प्रमुख कारणहरू:**
- पृथ्वी-पीण्डको माथिल्लो भागको चट्टानमा तन्काई बढेर थाम्न नसकी टुक्रनु
- ज्वालामुखी फुट्नु
- पृथ्वीको चुम्बकीय क्रियाशीलता वा अन्य चापमा परिवर्तन हुनु

**भू-कम्पबाट बच्ने र बचाउने उपायहरू:**

**भू-कम्प आउनुअघि**
- झर्ने, फुट्ने तथा गह्रौं वस्तुलाई किला, डोरी, सिक्री आदिले नखस्ने वा नढल्ने गरी कस्ने वा बाँध्ने
- सुरक्षित निस्कासनका लागि बाटो, भर्याङ, मटान, मझेरी आदि स्थानमा सामाग्री नराख्ने
- प्रज्वलनशील वस्तुहरु प्रायः घरबाहिर वा घरको कुनामा राख्ने
- चाँडै खुला ठाउँमा निस्कन सकिने गरी घर, भवनमा ढोका, झ्याल राख्ने
- विश्राम गर्ने स्थान जस्तै खाट, सोफालाई दराज, झुण्ड्याइएका सामाग्री वा सिसाको झ्यालबाट टाढा राख्ने
- खानेकुरा, डोरी, सिट्टी, पानी, टर्चलाइट आदि सहितको आपतकालीन झोला (Go Bag) तयारी अवस्थामा राख्ने।
- अत्यावश्यक दस्तावेज जस्तै नागरिकता, पासपोर्ट, लालपुर्जा, चेकबुक, व्यक्तिगत कागजातको प्रतिलिपि बनाई आपतकालीन झोलामा राख्ने
- घर, भवन वा बस्तीमा विपद् पूर्वसूचना प्रणाली, साइरन, घण्टी, बत्ती आदिको व्यवस्था गर्ने

**भू-कम्प आइरहेको अवस्थामा**
- नआत्तिकन सुरक्षित स्थानमा जाने र अरुलाई पनि सल्लाह दिने
- ढोका नजिकै भए तत्काल घरबाहिर जाने; टाढा भए वा माथिल्लो तल्लामा भए नदौडिने, भर्याङको प्रयोग नगर्ने, माथिबाट हाम नफाल्ने
- घना बस्ती वा साँघुरो गल्लीमा भए भू-कम्प आएको बेला बाहिर ननिस्कने
- घरको भित्री गारोसँग टाँसिएर कुनामा बस्ने; टाउको र घाँटीलाई हात, तकिया, झोला आदिले छोपेर सुरक्षित राख्ने
- सम्भव भए ढोकाको चौकोस वा बलियो टेबुल वा खाटमुनी बस्ने
- ग्याँस, बिजुली, धाराहरु तत्कालै बन्द गर्ने
- गाडीमा यात्रा गरिरहेको भए तुरुन्त बिजुलीको खम्बा, ठूला रुख आदि नभएको खाली स्थानमा सडकको किनारमा रोकिने
- अत्यावश्यक सूचना आदानप्रदान गर्ने तर फोनमा अनावश्यक लामो कुरा नगर्ने

**भू-कम्प पश्चात**
- भित्र भए तत्काल सुरक्षित स्थानमा जाने
- बाहिर भए तत्काल घरभित्र नपस्ने
- आधिकारिक सूचना प्राप्त गरी सो को पालना गर्ने
- आफू वा अन्यलाई चोटपटक लागे नलागेको सुनिश्चित गर्ने

श्रोतः भूकम्प प्रविधि राष्ट्रिय समाज – नेपाल (NSET)

# भू-कम्प

**पूर्व तयारीका उपायहरूः**

**संरचनागत सुरक्षा**
- घर बनाउँदा भू-कम्प प्रतिरोधात्मक उपाय अपनाउने
- गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गर्ने
- पूराना संरचनाको प्रबलिकरण गर्ने
- विशेषज्ञ, इन्जिनियरसँग सल्लाह लिएर मात्र काम गर्ने

**भू-कम्पपूर्वका आवश्यकताको पहिचान**
- जीवन तथा सम्पत्तिको विमा गर्ने
- नवजात शिशु, बालबालिका, महिला वा बिरामीलाई आवश्यक खोप तथा उपचार समयमै गराउने
- अत्यावश्यक वस्तु जस्तै खानेकुरा, खानेपानी, अत्यावश्यक औषधि, लुगा, प्राथमिक उपचारका सामानको संचय गर्ने

**व्यक्तिगत शिक्षा तथा पूर्वतयारी**
- भूकम्प आउनु अघि, आइरहेका बेला र आइसकेपछि अपनाउनुपर्ने सुरक्षाका उपाय बारे आफू, आफ्नो परिवार, छिमेकी तथा समुदायसँग छलफल गर्ने
- घर वा भवनको सुरक्षित तथा असुरक्षित स्थान साथै आपतकालीन निकासको मार्गहरु पहिचान गरी सूचि बनाउने

**सामूहिक योजना**
- समुदाय भेला हुनका लागि सुरक्षित स्थलको व्यवस्था गर्ने
- एक आपसमा सल्लाह गरी विपद् परि आएमा कसले के गर्ने भन्ने विषयमा योजना तयार गर्ने

**सुरक्षित स्थानहरुः**

**घरभित्रः**
- दह्रो टेबुल, डेस्क अथवा खाटमुनी
- ढोकाको फ्रेमबीचमा
- पिलर नजिक
- साँघुरो कोरिडोर
- भित्री गारो नजिक
- कोठाको कुना

**घरबाहिरः**
- खुला ठाउँ (वरिपरि अग्ला घर, रुख, बिजुलीको तार आदि नभएको)
- फराकिलो सडकको मध्यभाग

**असुरक्षित स्थानहरुः**

**घरभित्रः**
- ढोका वा झ्याल नजिकै
- ग्याँस चुल्हो, स्टोभ, हिटरको छेउमा
- भर्याङ वा लिफ्ट
- दराज वा गह्रौं सामानको छेउमा
- सिसा वा झुण्ड्याइएका बस्तुको तल

**घरबाहिरः**
- अग्ला घर, रुख, बिजुलीको तार, ट्रान्सफर्मर नजिक
- बार्दलीको तल
- विज्ञापनका लागि राखिएका ठूला बोर्डको नजिक
- पुलको माथि वा मुन्तिर
- पहिरोको छेउछाउ

श्रोतः भूकम्प प्रविधि राष्ट्रिय समाज – नेपाल (NSET)

विपद् जोखिम न्यूनीकरण हामी सबैको साझा सरोकारको विषय हो।

**Establishment of Multi-sector Platform for Disaster Risk Reduction to Support Resiliency of Disaster-prone Communities**

# विपद्को पूर्वतयारी, सुरक्षा तथा रोकथामका उपायहरू सम्बन्धी जानकारी

**बाढी**

**पहिरो**

**आगलागी तथा डढेलो**

**भू-कम्प**

ASIA PACIFIC ALLIANCE FOR DISASTER MANAGEMENT
NBI NATIONAL BUSINESS INITIATIVE राष्ट्रिय व्यवसायिक पहल
From the People of Japan

# बाढी

सामान्य अवस्थामा रहेको पानीको सतहमा वृद्धी भई सुख्खा जमिनी भागलाई क्षति हुनुलाई बाढी भनिन्छ।

**बाढीका विशेषताहरू:**

- बाढी कुनै बेला जनाउ दिएर आउँछ भने कुनै बेला जनाउ पाउन सकिँदैन।
- बाढीको गति बिस्तारै वा एक्कासी बढ्न सक्छ।
- प्रायजसो बाढी बर्षाको मौसममा आउने गर्छ।
- कहिलेकाँही सुख्खा समयमा पनि बाढी आउन सक्छ।

**बाढीका प्रमुख कारणहरू:**

अनियन्त्रित जंगल फडानी
अति वृष्टी
भिरालो जमिनमा खेती
अव्यवस्थित सडक निर्माण
भौगोलिक अवस्था
अत्याधिक चरिचरण

**बाढीका प्रकारहरू:**

मन्द गति (slow onset)
तीव्र गति (rapid onset)
एक्कासी गति (flash onset)

**बाढीबाट हुने क्षति नियन्त्रणका उपायहरू:**

वृक्षारोपण
तटबन्ध निर्माण
सचेतनामूलक कार्यक्रम
खतरा सूचक जडान

**वर्षात र बाढीका बेलामा के गर्ने:**

- व्यक्ति र गाईवस्तुलाई सुरक्षित स्थानमा राख्ने
- आधिकारिक सूचनाको पालना गर्ने
- खाद्यान्न लगायतका पानीले नष्ट हुन सक्ने सामानहरु जमिनभन्दा माथि टेबल कुर्सीमा राख्ने
- नआत्तिने
- पानीको बहाव बढी भएको वा बाढी आइरहेको ठाउँमा नजाने
- विद्युतिय उपकरण नजोड्ने र सकेसम्म प्रयोग नगर्ने
- नउमालेको पानी वा बाढीले भिजाएको खानेकुरा सेवन नगर्ने
- सुरक्षा निकाय वा स्वयंसेवकहरुलाई सहयोगका लागि खबर गर्ने

**पूर्व तयारीका उपायहरू:**

- सुरक्षित स्थलको पहिचान गर्ने
- नदी नालाको नियमित अनुगमन गर्ने
- एम्बुलेन्स, सुरक्षा निकाय, स्वयंसेवक आदिको सम्पर्क विवरणको सूचि तयार गर्ने
- आकस्मिक प्रयोगका सामाग्री जस्तै डोरी, टर्च लाइट तयारी अवस्थामा राख्ने
- बाढी बाट जोगिनको लागि तालिम तथा अभ्यास गर्ने

# पहिरो

जमीनको उच्च भागबाट भू-स्खलन भइ जमीन भत्केर तल खस्ने प्राकृतिक क्रियालाई पहिरो भनिन्छ।

**पहिरोका प्रकारहरू:**

बिस्तारै सर्ने पहिरो (Landslide)
भीर पाखा भत्किने पहिरो (Slope Failure)
गेग्रान बहाव (Debris Flow)

**पहिरो जानुका प्रमुख कारणहरू:**

अनियन्त्रित जंगल फडानी
अविरल वर्षा / भारी वर्षा
अवैज्ञानिक खेती प्रणाली
अव्यवस्थित सडक/संरचना निर्माण
भू-कम्प

**पहिरोबाट हुने क्षति नियन्त्रणका उपायहरू:**

- वृक्षारोपण गर्ने
- भिरालो जमिनको फेदमा तटबन्ध निर्माण गर्ने
- भिरालो जमिनमा खेती गर्दा गरा गरा बनाएर गर्ने
- सचेतनामूलक कार्यक्रम मार्फत जागरण फैलाउने
- जोखिमपूर्ण ठाउँमा घरहरु नबनाउने र अरुलाई पनि नबनाउन सल्लाह दिने
- जोखिमयुक्त क्षेत्रमा रहेका वस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने
- जोखिम क्षेत्रमा पानी जमिनमा नछिर्ने खालका संरचना बनाउने
- नाला तथा पानीको व्यवस्थित निस्कासन प्रणालीको विकास गर्ने
- पहिरो गइरहने ठाउँमा तार जाली वा टेवा पर्खाल बनाउने
- पहिरोको पूर्व सङ्केतहरुको पहिचान गर्ने:
    - जमिन, सडक अथवा घरमा चिरा देखिनु
    - भूमिगत पानीको स्रोत धमिलो हुनु
    - रूखहरु एउटा दिशामा मात्र ढल्किनु
    - पहिलेका सुख्खा ठाउँहरूमा मुहान फुट्नु
    - खोलाहरू बग्न बन्द हुनु

**पूर्व तयारीका उपायहरू:**

- आपतकालीन प्रयोगको लागि झटपट झोला तयारी अवस्थामा राख्ने (टर्चलाइट, ब्याट्री, खानेकुरा, रेडियो, सिट्टी आदि सहित)
- मौसम पूर्वानुमानको जानकारी लिने र सतर्क रहने
- अविरल भारी वर्षाका बेलामा सकभर यात्रा नगर्ने
- पहिरोबाट जोगिनको लागि तालिम तथा अभ्यास गर्ने
- नदीका भिराला प्रवाहहरुका बारेमा जानकारी राख्ने
- स्थानीय निकाय, सुरक्षा कर्मी, रेडक्रसको सम्पर्क विवरणको सूची तयार गर्ने
- आपतकालीन निकासको मार्गहरु पहिचान गरी योजना बनाउने
- समुदायका मानिसहरुसँग मिलेर समावेशी योजना तयार गर्ने
- पूर्व सूचना प्रणालीको जडान गर्ने

# आगलागी तथा डढेलो

अकस्मात विभिन्न उपयोगी सामानहरु, मानिस, जीव/जनावर, घर, भवन, खेती, वनजङ्गललाई आगोले जलाएर नष्ट वा क्षति पुर्याउनुलाई आगलागी भनिन्छ। त्यसैगरी वनजङ्गलमा लाग्ने आगोलाई डढेलो भनिन्छ।

**आगलागीका प्रमुख कारणहरू:**

- आगो बाल्न प्रयोग गरिने उपकरण तथा विद्युतिय सामाग्रीको प्रयोगमा हुने असावधानी
- आगो ननिभाइकन चुरोटको ठुटा, मैनबत्ती, सलाइको काँटीलाई जल्ने सामाग्रीको नजिक राख्नु वा फ्याँक्नु
- प्रज्ज्वलनशील पदार्थ जस्तै मट्टीतेल, डिजेल आदिको अव्यवस्थित भण्डारण वा ढुवानी
- खर, छ्वाली, पराल, काठ आदि छिटो आगो सल्किने सामाग्रीको प्रयोगबाट बनेका कमजोर भौतिक संरचना
- घरमा जडान गरिएका विद्युतीय तारहरुको कमसल वायरिङ र जीर्ण अवस्थाका विद्युतीय तारको प्रयोग

**रोकथामका उपायहरू:**

- घरको वायरिङ तथा विद्युतीय उपकरणको नियमित निरीक्षण गर्ने
- आगलागी नियन्त्रणका लागि बालुवा, माटो, पानी, आगो निभाउने यन्त्र (Fire Extinguisher), ज्यावल लगायतका आवश्यक साधनहरु तयारी अवस्थामा राख्ने
- आगलागीको जोखिम क्षेत्र पहिचान गरी नक्साङ्कन गर्ने
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

**आगलागी भएको अवस्थामा के गर्ने:**

- धनभन्दा जनको सुरक्षालाई प्राथमिकता दिने
- लगाएको लुगामा आगो सल्केमा भुइँमा सुती लडीबुडी गरी निभाउने
- घरबाहिर निस्केपछि सबैजना बाहिर निस्केको/ननिस्केको एकिन गर्ने
- आगो लागेको ठाउँबाट टाढा रहने, धुवाँबाट बच्ने उपाय गर्ने
- बालबालिका, असहाय, वृद्ध, अपाङ्गता भएकालाई उद्धारमा प्राथमिकता दिने
- नजिकको प्रहरी चौकी, दमकल, स्वास्थ्य चौकी आदिमा खबर गर्ने
- आगो फैलिन नदिन उपलब्ध जनशक्तिलाई लाम लगाइ पानी, हरिया स्याउला, बालुवा, माटोजस्ता वस्तु एकअर्कामा हस्तान्तरण गर्दै निभाउने

**पूर्व तयारीका उपायहरू:**

- आगलागी नियन्त्रणका सामाग्री जस्तै बेल्चा, पानीका भाँडा, हेल्मेट, Fire extinguisher, प्राथमिक उपचार बाकस तयारी अवस्थामा राख्ने
- डढेलो फैलिन सहयोग पुग्ने किसिमका मार्ग र सहयोगी वस्तुहर विच्छेद गर्ने वा हटाउने
- सुरक्षा निकाय, वारुणयन्त्र, अग्नी नियन्त्रण कार्यालय, रेडक्रस आदिका टेलिफोन नम्बर र ठेगानाको सूची तयार गर्ने
- घर, विद्यालय, व्यावसायिक भवन, मानवबस्ती आदि स्थानमा विपद् पूर्व सूचना प्रणाली, साइरन, घण्टी, बत्ती आदिको व्यवस्थापन गर्ने
- घर, विद्यालय, व्यावसायिक भवन, मानवबस्ती आदि स्थानमा आपतकालीन निकासको व्यवस्था गर्ने